संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - २८

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार ६ गते सोमबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री पद्मा कुमारी अर्याललाई समय दिनुहुँदा उहाँले सरकारले इन्धनको मुल्य भारी मात्रामा वृद्धि गरेको कारण जनताको जीवन कष्टकर हुँदै गएको, इन्धनको मुल्य वृद्धिका सम्बन्धमा सदनमा सार्वजनिक महत्वको प्रस्तावमाथि भएको छलफलको औचित्य समाप्त भएको, लगातार मुल्य वृद्धि गर्नुको कारणका सम्बन्धमा मा० मन्त्रीले सदनमा आएर जवाफ दिनुपर्ने, सभामुखबाट मन्त्रीको जवाफका लागि रुलिङ्ग हुनुपर्ने र मा० मन्त्रीले सदनमा जवाफ नदिएसम्म बैठकको कारवाही आगाडि बढ्न सक्दैन भन्नुभएपछि ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यहरुले उठाउनु भएको विषयप्रति सरकारको ध्यानाकर्षण गराउनु हुँदै उल्लिखित विषयमा सत्य तथ्य सदन समक्ष पेश गर्न नेपाल सरकारलाई निर्देश गर्नुहुँदै मा० सदस्यहरुलाई आशन ग्रहण गर्न आग्रह गर्नुभएपछि ने.क.पा. (एमाले)का मा० सदस्यहरुले आ-आफ्नो आशन ग्रहण गर्नुभयो ।

त्यसपछि निम्नलिखित मा० सदस्यहरुले धरानस्थित वि.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनियमितता लगायतका विषयलाई लिएर सडक आन्दोलनमा उत्रिएका धरानका जनताको मागको वेवास्ता गरिएको, महाभियोग सम्बन्धी प्रस्ताव समितिमा नपठाएकोले महाभियोग समिति जिम्मेवारी विहिन भएको, कास्कीमा विभिन्न ठाउँमा बाढी पहिरोले कृषि बाली, मत्स्यपालन, पशुपालनमा क्षति पुऱ्याएको, बजेट निर्माणको क्रममा अनधिकृत व्यक्तिको प्रवेशको विषयमाथि छानविन हुनुपर्ने कुराको ऐक्यवद्धता जनाउँदा नेपाल कमर्श क्याम्पशको अनेरास्ववियु कार्यालयमा आक्रमण गरी घाइते बनाएको, निहारिका राजपुतको विषयमा सरकारसँग भएको सम्झौताको पालना र कार्यान्वयन हुनुपर्ने, स्थानीय तह निर्वाचनको मौन अवधि वैशाख २९ गते स्थानीय तहका उम्मेदवारमाथि आक्रमण गरेको विषयमाथि छानविन हुनुपर्ने लगायत विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री मिना सुब्बा
२. मा० श्री लालबाबु पण्डित
३. मा० श्री जगत बहादुर सुनार (विश्वकर्मा)
४. मा० श्री गणेश कुमार पहाडी
५. मा० श्री सरिता कुमारी गिरी
६. मा० श्री शान्तिमाया तामाङ पाख्रिन

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० डिला सँग्रौला (पंत)
२. मा० श्री थममाया थापा
३. मा० श्री दलबहादुर राना
४. मा० श्री दामोदर भण्डारी
५. मा० श्री दिल कुमारी
६. मा० श्री दिव्यमणि राजभण्डारी
७. मा० श्री दीपक प्रकाश भट्ट
८. मा० श्री दुर्ग बहादुर रावत
९. मा० श्री देवप्रसाद गुरुङ्ग
१०. मा० श्री देवप्रसाद तिमलसेना
११. मा० श्री धर्माशीला चापागाई
१२. मा० श्री ध्रुव कुमार शाही
१३. मा० श्री नविना लामा
१४. मा० श्री नरबहादुर धामी
१५. मा० श्री नरमाया ढकाल
१६. मा० श्री नवराज रावत
१७. मा० श्री नवराज सिलवाल
१८. मा० श्री नारदमुनि राना
१९. मा० श्री नारायण प्रसाद खतिवडा
२०. मा० श्री नारायण प्रसाद मरासिनी
२१. मा० श्री निरु देवी पाल
२२. मा० श्री पार्वता डि.सी. (चौधरी)
२३. मा० श्री पार्वती कुमारी विशुन्के
२४. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
२५. मा० श्री पुष्पा भुसाल (गौतम)
२६. मा० श्री पूर्ण कुमारी सुवेदी
२७. मा० श्री प्रेम सुवाल

तत्पश्चात कानून न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले “कानून न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०७९” पेश गर्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेश गर्नुभयो ।

तदुपरान्त "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री विमला वि.क.
४. मा० श्री खगराज अधिकारी
५. मा० श्री विमला विश्वकर्मा
६. मा० श्री आशा कुमारी वि.क.
७. मा० श्री गंगा चौधरी (सत्गौवा)
८. मा० श्री नवराज सिलवाल
९. मा० श्री नारायण प्रसाद खतिवडा
१०. मा० श्री देवप्रसाद गुरुङ्ग
११. मा० श्री भरत कुमार शाह
१२. मा० श्री मेटमणि चौधरी
१३. मा० श्री मिन बहादुर विश्वकर्म
१४. मा० श्री प्रेम सुवाल
१५. मा० श्री गजेन्द्र बहादुर महत
१६. मा० श्री प्रदिप यादव
१७. मा० श्री प्रमोद साह

तत्पश्चात मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) विधेयक, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले आर्थिक विधेयक, २०७९ माथिको छलफल प्रारम्भ हुने जानकारी गराउँदै उक्त विधेयकमाथि मा० श्री प्रेम सुवालबाट संशोधनको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात संशोधनकर्ता मा० श्री प्रेम सुवालले आफ्नो संशोधनहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

त्यसपछि उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री मेटमणि चौधरी
३. मा० श्री प्रकाश रसाईली (स्नेही)
४. मा० श्री दिव्यमणि राजभण्डारी
५. मा० श्री गजेन्द्र बहादुर महत

तदुपरान्त सम्माननीय सभामुखले मा० अर्थमन्त्रीलाई जवाफको लागि अनुमति दिन खोज्नुहुँदा ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री गोकुल प्रसाद बाँस्कोटालाई समय दिनुहुँदा उहाँले विगत केही बैठकदेखि प्रमुख प्रतिपक्षले लगातार बजेट निर्माणमा अनधिकृत व्यक्तिको प्रवेशलाई लिएर कुरा उठाइरहँदा पनि सम्माननीय प्रधानमन्त्रीबाट यस विषयमा जवाफ नआएको, जनताप्रतिको जवाफदेहिता नदेखाई हालसम्म अर्थ मन्त्रीबाट राजीनामा समेत नआएको लगायतका विषयहरुमा ध्यानाकर्षण गराउनु हुँदै अर्थ मन्त्रीको जवाफ जनताले सुन्न नचाहेको र ने.क.पा. (एमाले) ले समेत सुन्न नचाहेकोले ने.क.पा. (एमाले)ले बैठकको कारवाही बहिष्कार गर्दछ भन्नुभएपछि ने.क.पा. (एमाले)का मा० सदस्यहरु बैठक कक्षबाट बाहिरिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले मा० सदस्यहरुले उल्लिखित विषय निरन्तर रुपमा उठाइरहनु भएको छ, तर आजको कार्यसूचीमा मुलुक सञ्चालनको लागि अपरिहार्य विनियोजन विधेयकका आश्रित विधेयकहरुमा दफावार छलफल हुने कार्यक्रम रहेकोले भएकोले मा० सदस्यहरुलाई छलफलमा भाग लिन आग्रह गर्नुहुँदा पनि ने.क.पा. (एमाले)का मा० सदस्यहरु बैठक कक्षबाट बाहिरिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "आर्थिक विधेयक, २०७९" को दफा २ देखि ३८ सम्मका दफाहरु र सम्बन्धित अनुसूची १ देखि ४ सम्म विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "आर्थिक विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "आर्थिक विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि मा० श्री प्रेम सुवालबाट संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री गजेन्द्र बहादुर महत
२. मा० श्री राजेन्द्र कुमार के.सी.
३. मा० श्री मातृका प्रसाद यादव

यसैबीच मा० श्री गजेन्द्र बहादुर महतले बोल्ने क्रममा "आइमाई" भन्ने शब्द प्रयोग गर्नुभएकोमा उक्त शब्द प्रयोग नगर्न सम्माननीय सभामुखबाट मा० सदस्यलाई ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ "राष्ट्र ऋण उठाउने विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "राष्ट्र ऋण उठाउने विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "राष्ट्र ऋण उठाउने विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तत्पश्चात मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले उक्त विधेयकमाथि मा० श्री प्रेम सुवालबाट संशोधन प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त संशोधनकर्ता मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो ।

तत्पश्चात उक्त छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री भरत कुमार शाह
२. मा० श्री दिव्यमणि राजभण्डारी
३. मा० श्री गजेन्द्र बहादुर महत

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त मा० श्री प्रेम सुवालले आफ्नो संशोधन प्रस्तावहरु फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त संशोधन प्रस्तावहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ "ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै "ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९" को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "ऋण तथा जमानत (पच्चीसौं संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार ७ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक अपरान्ह ६:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव